**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

# स्थानीय राजपत्र

खण्ड ८ संख्या १४ मितिः २०८१।११।२९

भाग-२
जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

## विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि, २०८१

जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित र भविष्यमा संचालन हुने संस्थागत विद्यालयको श्रेणी वर्गीकरण तथा विद्यालयले लिने शुल्कलाई व्यवस्थित र वैज्ञानिक बनाउन आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ तथा जनकपुरधाम उपमहानगरपालिका शिक्षा ऐन २०७७ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि २०८१ रहेको छ ।
(२) यो कार्यविधि तत्काल लागु हुनेछ ।

२. **परिभाषा**:– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा-

क) नगरपालिका भन्नाले जनकपुरधाम उपमहानगरपालिकालाई बुझाउँछ ।

ख) ऐन भन्नाले जनकपुरधाम उपमहानगरपालिका शिक्षा ऐन २०७७ लाई बुझाउँछ ।

ग) प्रमुख भन्नाले नगर प्रमुखलाई बुझाउँछ ।

घ) नगर शिक्षा समिति भन्नाले जनकपुरधाम उपमहानगरपालिका शिक्षा ऐन २०७७ बमोजिम गठन भएको नगर शिक्षा समितिलाई बुझाउँछ ।

ङ) विद्यालय भन्नाले सामुदायिक र संस्थागत विद्यालयलाई जनाउँछ ।

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

च) प्रमुख प्रशासकीय अधिकृत भन्नाले जनकपुरधाम उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

छ) शुल्क भन्नाले यस कार्यविधि बमोजिम सामुदायिक र संस्थागत विद्यालयले लिन पाउने शुल्क सम्झनुपर्छ ।

ज) महाशाखा प्रमुख भन्नाले शिक्षा युवा तथा खेलकुद विकास महाशाखाको महाशाखाप्रमुखलाई जनाउँछ ।

३. **विद्यालयको वर्गीकरण:** (१) विद्यालयलाई अनुसूची-१ मा आधारमा देहाय बमोजिम चार श्रेणीमा वर्गीकरण गरिनेछ ।

(क) क श्रेणीको विद्यालय

(ख) ख श्रेणीको विद्यालय

(ग) ग श्रेणीको विद्यालय

(घ) घ श्रेणीको विद्यालय

(२) उपनियम (१) बमोजिम विद्यालय वर्गीकरणको निमित्त विद्यालयले अनुसूची-२ मा उल्लिखित मापदण्डका आधारमा आफूले ३ महिना अगावै नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) विद्यालय वर्गीकरणका लागि सिफारिस गर्न देहाय बमोजिमको एक विद्यालय वर्गिकरण सिफारिस समिति रहनेछ ।

(क) शिक्षा तथा खेलकुद विकास शाखा प्रमुखसंयोजक

(ख)नगर प्रमुखबाट तोकिएको वडाध्यक्ष दुई जना — सदस्य

(ग) निजि विद्यालयका छाता संगठनको नगर समिति अध्यक्ष मध्ये शिक्षा तथा खेलकुद विकास शाखा प्रमुखले तोकेको एक जना — सदस्य

(घ) अभिभावक संघको नगर समिति अध्यक्ष वा सदस्य त्यस्तो संघ नभएमा अविभावक मध्येबाट समितिले मनोनित गरेको २ जना — सदस्य

(ङ) शाखा अधिकृत शिक्षा शाखा — सदस्य सचिव

(४) उपनियम (३) बमोजिमको समितिले विद्यालयले उपलब्ध गराएको सेवा सुविधाजाँचबुझ गरी विद्यालय वर्गीकरणका लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्नेछ।

(५) उपनियम (४) बमोजिम विद्यालय वर्गीकरणका लागि भएको सिफारिसमा आवश्यकजाँचबुझ गरी नगर शिक्षा समितिले विद्यालय वर्गीकरण गर्नेछ।

(६) उपनियम (५) बमोजिम गरिएको वर्गीकरणमा चित्त नबुझेमा विद्यालयले नगर शिक्षा समिति समक्ष निवेदन दिन सक्नेछ।यसरी निवेदन परेमा शिक्षा समितिले सो विद्यालयको स्थलगत निरीक्षण गर्ने गराउनेछ र निरीक्षण गर्दा त्यस्तो विद्यालयलाई माथिल्लो श्रेणीको विद्यालयमा कायम गर्न मनासिब देखिएमा नगर शिक्षा समितिले माँग बमोजिम माथिल्लो श्रेणीको विद्यालयमा वर्गीकरण गर्न सक्नेछ ।

(७) यो कार्यविधि लागु भएको मितिले दुई महिना भित्र पहिलो पटक सबै संस्थागतविद्यालयले विद्यालय वर्गीकरणका लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(८) विद्यालय वर्गीकरण तीन-तीन वर्षमा गरिनेछ ।

तर कुनै विद्यालयले आवश्यक पूर्वाधार पूरा गरी माथिल्लो श्रेणीमा सूचीकृत हुन चाहेमा तीन वर्ष नपुगेको भए तापनि नगरपालिकामा निवेदन दिन बाधा पर्नेछैन।

४. विद्यालय शुल्क निर्धारण सिफारिस समिति (१) संस्थागत विद्यालयले लिन पाउने शुल्क निर्धारणका लागि नगर शिक्षा समिति लाई सिफारिस गर्न र विद्यालयले निर्धारित शुल्क लागु गरे नगरेको सम्बन्धमा अनुगमन गर्न देहाय बमोजिमको एक विद्यालय शुल्क निर्धारण सिफारिस समिति रहनेछ

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

क) शिक्षा तथा खेलकुद विकास शाखा संयोजक

ख) नगर प्रमुखबाट तोकिएको वडाध्यक्ष दुई जना सदस्य

ग) अविभावक संघको नगर समिति अध्यक्ष वा सदस्य वा त्यस्तो संघ नभएमा अविभावकहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको सदस्य

घ) निजि विद्यालयका छाता संगठनको नगर समितिको अध्यक्ष/प्यावसनको अध्यक्ष मध्ये शिक्षा तथा खेलकुद विकास शाखा प्रमुखले तोकेको एक जना सदस्य

ङ) नगर प्रमुखबाट तोकिएको शिक्षाविद् एक जना सदस्य

च) शाखा अधिकृत माध्यमिक शिक्षा शाखा सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले शुल्क निर्धारण सम्बन्धी सिफारिस गर्ने बैठकमा आवश्यकता अनुसार विषय विज्ञ तथा सम्बन्धित सरोकारवालाहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिको समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैलेनिर्धारण शुल्क बमोजिम हुनेछ ।

५. विद्यालयले लिन पाउने शुल्क तथा धरौटी (१) संस्थागत विद्यालयले विद्यार्थीसँग देहाय बमोजिमको शुल्क तथा धरौटी लिन सक्नेछन् ।

क) मासिक पढाइ शुल्क,

ख) कुल दुई महिनाको पढाई शुल्क बराबरको रकममा नबढने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मत संभार, पुस्तकालय र प्राथमिक उपचारवापतको वार्षिक शुल्क,

ग) विद्यालयमा पहिलोपटक भर्ना हुन कक्षाको एक महिनाको मासिक पढाई शुल्कमा नबढ्ने गरी एक पटकको लागि भर्ना शुल्क,

घ) विविध शुल्क

(१) परीक्षा शुल्क

(२) कम्प्यूटर शुल्क

(३) स्थानान्तरण र प्रमाण पत्र शुल्क

(४) विशेष प्रशिक्षण (जुडो, मार्सल आर्ट, पौडी, गायन, नृत्य लगायत)शुल्क

(५) आवास शुल्क

(६) परिवहन शुल्क

(७) भोजन शुल्क

(२) विद्यालयले उपनियम (१) बमोजिमको शुल्क त्यस्तो सुविधा उपयोग गर्ने विद्यार्थीसंग सो सुविधा उपयोग गरेको अवस्थामा मात्र लिन पाउनेछ ।

(३) विद्यालयले परीक्षा शुल्क वापतको रमक मासिक पढाई शुल्कको ५(पाँच) प्रतिशतभन्दा बढी हुने गरी लिन पाउने छैन । (४) विद्यालयले प्रमाण-पत्र शुल्क र स्थानान्तरण प्रमाणपत्र शुल्क वापतको रकम मासिक पढाई शुल्कको १० (दस) प्रतिशतभन्दा बढी हुनेगरी लिन पाउने छैन ।

**संस्थागत विद्यालयको लागिः-**

१. "क" श्रेणीको विद्यालयको लागि चाहिने आधारहरु (अपेक्षित सुविधामुक्त विद्यालय अर्थात "ख" श्रेणीका विद्यालयको पूर्वाधारण थप हुनु पर्ने)

(क) सभाकक्ष,

(ख) सेवा कक्ष (फोन, फ्याक्स, इमेल आदि)

(ग) अतिरिक्त क्रियाकलाप कक्ष

(घ) क्याफ्टेरिया,

(ङ) एक पटकमा कम्तीमा ५० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठा व्यवस्था, र

(च) अनुसूची-२२ को खण्ड (ख) को देहाय (च) बमोजिमको विशेष सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनु पर्ने ।

**२. "ख" श्रेणीको विद्यालयको लागि चाहिने आधारहरु (आधारभूत सुविधायुक्त विद्यालय अर्थात "ग" श्रेणीका विद्यालयको पूर्वाधारमा थप हुनु पर्ने ।**

(क) प्रधानाध्यापक शिक्षक कर्मचारी र प्रशासनिक कर्मचारीको लागि छुट्टाछुट्टै कोठाको व्यवस्था,

(ख) शिक्षक स्टाफको लागि छुट्टै शौचालयको व्यवस्था,

(ग) कुनै दुई प्रकारको दैनिक पत्रिकाहरु सहितको एकपटकमा कम्तीमा ३० जना विद्यार्थी बसेर पढ्न सक्ने छुट्टै पुस्तकालय कोठाको व्यवस्था,

(घ) भलिबल खेल्न मिल्ने खेलमैदानको अतिरिक्त सम्पूर्ण विद्यार्थी एकै साथ उभिन सक्ने कम्पाउणडरको व्यवस्था,

(ङ) छुट्टै विज्ञान प्रयोगशालाको व्यवस्था,

(च) विद्यालयमा कम्प्यूटर विषय राखेको भए छुट्टै कम्प्यूटर कक्षाको व्यवस्था,

(छ) प्राथमिक उपचार कक्षको व्यवस्था, र

(ज) अनुसूची-२२ को खण्ड (ख) को देहाय (च) बमोजिमको अपेक्षित सुविधायुक्त विद्यालयको लागि निर्धारित सुविधा उपलब्ध गराएको हुनु पर्ने ।

**३. "ग" श्रेणीको विद्यालय (अर्थात आधारभूत सुविधायुक्त विद्यालय) को लागि चाहिने पूर्वाधारहरुः-**

(क) कक्षा कोठँहरु पूर्व प्राथमिक र प्राथमिक तहको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटरु, निम्न माध्यमिक तहको हकमा १.०० वर्गमिटरु,

(ख) हावाको राम्रो प्रवाह र यथष्ट प्रकाश भएका कक्षा कोठाहरु,

(ग) विद्यार्थी संख्याको आधारमा सबैलाई पुग्ने डेस्क बेञ्च,

(घ) छात्र छात्रा र शिक्षकको लागि कम्तीमा ३ वटा छुट्टाछुट्टै शौचालय र प्रत्येक थप ५० जना विद्यार्थीका लागि एक कम्पार्टमेन्ट थप,

(ङ) यथेष्ट खानेपानीको व्यवस्था,

(च) पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तीमा २ पुस्तक भएको पुस्तकालय,

(छ) प्रति कक्षामा कालो पाटी र अन्य आवश्यक शैक्षिक सामग्री,

(ज) सबै विद्यार्थी एकै पटक उभिन सक्ने आँगन,

(झ) भलिबल खेल्न मिल्नेसम्मको खेलमैदान,

(ञ) कक्षा शिक्षक अनुपात १:१.४,

(ट) पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था,

(ठ) प्राथमिक उपचार सामग्रीको व्यवस्था हुनु पर्ने, र

(ड) अनुसूची-२२ को खण्ड (ख) को देहाय (३) अनुसारको छात्रवृति र सोही अनुसूचीको सोही खण्डको देहाय (७) अनुसारको शिक्षक तथा कर्मचारी संख्या ।

४."घ" श्रेणीका विद्यालय (अर्थात न्यून सुविधा विद्यालय) आधारभूत सुविधा पूरा नभएका विद्यालयहरु

५. संस्थागत विद्यालयहरुलाई खण्ड '(क)' ,'(ख)','(ग)' र '(घ)' बमोजिम वर्गीकरण गर्नको लागि नियम १४५क. बमोजिमको समितिले आवश्यकता अनुसार मन्त्रालयद्वारा गठित सरोकारवालाहरु समेत सम्मिलित भएको समितिको परामर्श लिन सक्नेछ ।

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

## अनुसूची-२
## विद्यालय शुल्क निर्धारणका आधारहरुः-

१.शैक्षिक योग्यता नपुगेको र शिक्षक अध्यापन अनुमति पत्र नभएको व्यक्तिलाई शिक्षकमा नियुक्ति गर्न पाइने छैन ।

२. शुल्क निर्धारण प्रयोजनका लागि यही अनुसूची बमोजिम "ग" श्रेणीको संस्थागत विद्यालयलाई आधारभूत सुविद्यायुक्त विद्यालय मानिएको हुँदा उक्त श्रेणीको विद्यालयमा देहाय बमोजिमको शिक्षक तथा कर्मचारी राखु पर्नेछ ।

| क्र.सं. | शिक्षक/कर्मचारी | | | | |
|---|---|---|---|---|---|
| | | नर्सरी देखि ५ सम्म | नर्सरी देखि ८ सम्म | नर्सरी देखि १० सम्म | नर्सरी देखि १२ सम्म |
| १. | प्र.अ.<br>आई.ए.<br>स्नातक<br>स्नाकोत्तर | <br>१<br>-<br> | <br>-<br>-<br>१ | <br>-<br>-<br>१ | <br><br><br>१ |
| १ | शिक्षक<br>एस.एल.सी.<br>आई.ए.<br>स्नातक<br>स्नाकोत्तर | <br>३<br>६<br>-<br>- | <br>३<br>६<br>५<br>- | <br>३<br>६<br>४<br>४ | <br>३<br>६<br>५<br>६ |
| ३ | लेखापाल | १(एस.इ.ई.) | १(कक्षा १२) | १(कक्षा १२) | १(स्नातक) |
| ४ | आया/स्वीपर | २ | २ | २ | २ |
| ५ | स्टोर/लाईब्रेरियन | - | - | २ | २ |
| ६ | गार्ड/पियन | २ | २ | ३ | ४ |

(३) विद्यालयले उपखण्ड (२) बमोजिमका शिक्षक कर्मचारीको तलब नेपाल सरकारले स्वीकृत गरेबमोजिमको तलब भत्ता नघटाई उपलब्ध गराउनुपर्नेछ र यसरी दिईने अन्य सुविधा वापत तलब रकमको १८ प्रतिशत सम्म छुट्याई यसरी हुन आउने जम्मा खर्चलाई विद्यालयको कुल अर्चको ६० प्रतिशत मानी बाँकी रहेको ४० प्रतिमध्ये कम्तीमा ८ प्रतिशत रकम छात्रवृति र १.५ प्रतिशत ग्रामीण शिक्षा विकास कोषमा लगानी गर्नुपर्नेछ र बाँकी हुन आउने रकम विद्यालउको आवश्यकता अनुसारका शिर्षकहरुमा खर्च गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(४) खण्ड (२) र (३) को व्यवस्थालाई विचार "ग" श्रेणीका आधारभूत सुविधायुक्त विद्यालयको शुल्क निर्धारण गर्नु पर्नेछ ।

(५) खण्ड (४) बमोजिमको शुल्क दर आधारभूत सुविधायुक्त विद्यालउको लागि भएकाले सो सुविधा नपुगेका "घ" श्रेणीका न्यून सुविधाका विद्यालयले तुलनात्मक रुपमा कम खर्च गरे पुग्ने भएको हुँदा यस्ता विद्यालयलाई आधारभूत सुविधाको विद्यालयको भन्दा २५ प्रतिशतसम्म कम शुल्क हुने गरी शुल्क निर्धारण गर्नु पर्नेछ ।

(६) आधारभूत भन्दा माथिको सुविधा दिईरहेका अपेक्षित सुविधायुक्त "ख" श्रेणीका र विशेष सुविधायुक्त "क" श्रेणीका विद्यालयहरुले देहाय बमोजिका थप सुविधा निम्ति खर्च जोडेर शुल्क हिसाब गर्न पाउनेछन् ।

| क्र.सं. | विवरण | अपेक्षित सुविधा(प्रतिशत) | विशेष सुविधा(प्रतिशत) |
|---|---|---|---|
| क. | शिक्षक कर्मचारी तलब तथा सुविधा | १५ | २५ |
| ख. | खेलकुद तथा अतिरिक्त क्रियाकलाप | ५ | १० |
| ग. | शैक्षिक सामग्री | ५ | १० |
| घ. | भौतिक पूर्वाधार | १० | १५ |

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

| | | | |
|---|---|---|---|
| ङ. | शैक्षिक उपलब्धि | १० | १० |
| च. | छात्रवृति | ५ | ७ |
| छ. | संस्थागत विकास | १० | १० |
| यी सबै सुविधा थप भएवापत शुल्क दरमा थप गरिने शुल्क | | ५ | ५० |

थप सुविधायुक्त विद्यालयले उपलब्ध गराएको सुविधाअनुसार माथि उल्लिखित विभिन्न शीर्षकमा उल्लेख गरिएको मापदण्डअनुसारको कुल प्रतिशतलाई १०० प्रतिशत मानी अपेक्षित सुविधायुक्त विद्यालयमा २५ प्रतिशत र विशेष सुविधायुक्त विद्यालयमा ५० प्रतिशतसम्म थप शुल्क लिन सक्नेछ ।

(७) कुनै विद्यालयले लिई आएको शुल्क दर यस अनुसूची अनुसार हुन आउने शुल्क दरभन्दा कम शुल्क वृद्धि गर्दा सोही अनुपातमा शुल्क वृद्धि हुन सक्नेछ ।

(८) यस अनुसूची बमोजिम "क" श्रेणीमा परेका विशेष सुविधायुक्त विद्यालयले विद्यालयका दईतिहाई अभिभावकको निर्णयबाट निम्न बमोजिम कुनै एउटा प्रावधान पालना गर्ने गरी खण्ड (४), (५) र (६) मा उल्लेख गरेभन्दा माथिल्लो दरको शुल्क प्रस्ताव गरेमा नगर शिक्षा समितिले माथिल्लो दरको शुल्क लागु गर्न स्वीकृति दिन सक्नेछ ।

(क) गरिबीको रेखामुनी रहेका परिवारका विद्यार्थीलाई लक्षित गरी २५ प्रतिशत विद्यार्थीलाई विशेष छुट (हेभी सब्सिडी) र मध्यम वर्गका विद्यार्थीलाई लक्षित गरी आंशिक छुट दिने,

(ख) विद्यालयका विद्यार्थीलाई पूर्ण शुल्कमा अध्यापन गराई उठेको शुल्क रकमको कम्तीमा १८ प्रतिशत रकम छुट्टै कोषमा राखी आफ्नै विद्यालयमा अध्ययनरत र नगरपालिका क्षेत्र भित्रका विभिन्न विद्यालयमा अध्ययन गर्ने न्यून आय भएका विद्यार्थीलाई छात्रवृति दिने तथा त्यस्तो विद्यालयको गुणस्तर सुधारमा सहयोग प्रदान गर्ने ।

(ग) विद्यालयमा पहिलोपटक भर्ना हुने कक्षाको एक महिनाको मासिक पढाई शुल्कमा नबढ्ने गरी एक पटकको लागि भर्ना शुल्क,

(घ) विविध शुल्क

(१) परीक्षा शुल्क
(२) कम्प्यूटर शुल्क
(३) स्थानान्तरण र प्रमाण पत्र शुल्क
(४) विशेष प्रशिक्षण (जुडो मार्सल आर्ट पौडी गायन नृत्य लगायत) शुल्क
(५) आवास शुल्क
(६) परिवहन शुल्क
(७) भोजन शुल्क

(२) विद्यालयले उपनियम (१) बमोजिमको शुल्क त्यस्तो सुविधा उपयोग गर्ने विद्यार्थीसंग सो सुविधा उपयोग गरेको अवस्थामा मात्र लिन पाउनेछ ।

(३) विद्यालयले परीक्षा शुल्क वापतको रकम मासिक पढाई शुल्कको ५(पाँच) प्रतिशतभन्दा बढी हुनेगरी लिन पाउने छैन ।

(४) विद्यालयले प्रमाणपत्र शुल्क र स्थानान्तरण प्रमाणपत्र शुल्क वापतको रकम मासिक पढाई शुल्कको १० (दस) प्रतिशत भन्दा बढी हुनेगरी लिन पाउने छैन ।

६. शुल्क सम्बन्धी व्यवस्था (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र क ख ग वा घ श्रेणीको संस्थागत विद्यालयले लिन पाउने शुल्कको अधिकतम सीमा तोकी शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा पन्ध्र दिन अगावै सूद्बना प्रकाशन गर्नेछ ।तर पहिलो पटकका लागि यो कार्यविधि लागु भएको मितिले एक महिनाभित्र शुल्क निर्धारण गर्द बाधा पर्नेछैन ।

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

(२) उपनियम व्यवस्थापन समितिले शिक्षक अभिभावक संघको कार्यकारी समितिमा परामर्श समेत गरी उपनियम (१) बमोजिम तोकिएको अधिकतम शुल्क सीमाभित्र रही अगामी शैक्षिक सत्रको लागि विद्यार्थीसंग लिने शुल्कको प्रस्तावित दर प्रस्ताव गरी शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तावित शुल्कको दर प्राप्त भएका विद्यालय शुल्क निर्धारण सिफारिस समितिले सो शुल्क अनुसूची-२ को आधारमा प्रस्ताव भए नभएको सम्बन्धमा जाँचबुझ गरी त्यस्तो शुल्कको दर हेरफेर सहित स्वीकृतिका लागि नगर शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपनियमा (३) बमोजिम पेश भएको शुल्कलाई नगर शिक्षा समितिले आवश्यक थपघट सहित स्वीकृत गर्नेछ ।

(५) उपनियम (४) बमोजिम स्वीकृत शुल्को लर महाशाखाले सार्वजनिक गरी विद्यालयमा समेत पठाउनेछ ।

(६) उपनियम (४) बमोजिम स्वीकृत शुल्कको दर विद्यालयले आफ्नो सूचना पाटीमा टाँस गर्नेपर्नेछ।

(७) विद्यालयले विद्यार्थी संग जुनकामको लागि शुल्क लिएको हो सो रकम सोही काममा खर्च गर्नुपर्नेछ।

(८) विद्यालयले तोकेको समयमा विद्यार्थीले विद्यालयमा शुल्क बुझाउनु पर्नेछ ।

(९) विद्यालयले शुल्कको दर, शुल्क बुझाउने अवधि र प्रक्रियासम्बन्धी विवरण विद्यार्थी तथा अभिभावकलाई जानकारी दिई विद्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

७. बढी शुल्क लिन नपाउने: (१) विद्यालयले यो कार्यविधि बमोजिम निर्धारण भएको शुल्क मात्र लिनुपर्नेछ।

(२) तोकिएभन्दा बढी शुल्क लिने विद्यालयलाई यस कार्यविधि बमोजिम कारवाही हुनेछ ।

८. बढी लिएको शुल्क फिर्ता गर्नुपर्ने कुनै विद्यालयले यस कार्यविधिमा तोकिएभन्दा बढी शुल्क लिएको पाइएमा त्यसरी बढी लिएको शुल्क नगरपालिकाले अभिभावकलाई फिर्ता गर्न लगाउनेछ ।

९. श्रेणीकृत नभएको विद्यालय सम्बन्धमा: (१) यस कार्यविधि बमोजिम श्रेणीकृत नभएका विद्यालयले "ग" श्रेणको विद्यालयले लिन पाउने शुल्कभन्दा २५ प्रतिशत कम शुल्क लिनुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम न्यूनतम पूर्वाधार पूरा नभएका विद्यालयहरु स्वत:"घ" श्रेणीमा वर्गीकरण हुनेछन्।

(३) "घ" श्रेणका विद्यालयहरुले "ग" श्रेणीको विद्यालयको लागि तोकिएको भन्दा २५ प्रतिशत कम शुल्क लिनुपर्नेछ ।

(४) "घ" श्रेणीको विद्यालयले "घ" श्रेणीमा वर्गीकरण भएको छ महिनाभित्र न्यूनतम पूर्वाधार पूरा गर्नुपर्नेछ ।

(५) यस कार्यविधिमा तोकिए बमोजिम छ महिनाभित्र न्यूनतम पूर्वाधार पूरा गर्न नसक्ने विद्यालयको संचालन अनुमति शिक्षा समितिले रद्ध गर्न सक्नेछ ।

१०. स्तरीकरण फाराम: महाशाखाले अनुसूची १ र अनुसूची २ बमोजिमको आधारहरु समेटी सूचक र भार सहितको संस्थागत विद्यालय स्तरीकरण फाराम विकास गरी विद्यालयको वर्गीकरण र शुल्क निर्धारणकोआधार तयार गर्न सक्नेछ ।

११. जरिवाना: तोकिए भन्दा बढी शुल्क लिने विद्यालयलाई नगरपालिकाले बढी लिएको शुल्क फिर्ता गर्न लगाई दस हजार देखि एक लाख रुपैयाँसम्म जरिवाना गर्नेछ ।

१२. उजुरी: (१) यस कार्यविधि बमोजिम विद्यालय वर्गीकरण एवम् शुल्क निर्धारण सम्बन्धमा चित्त नबुझेमा नगरपालिका समक्ष उजुरी गर्न सकिनेछ ।

१३. कार्यविधिको व्याख्या: यस कार्यविधिको व्याख्या सम्बन्धमा कुनै द्विविधा भएमा नगर कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

१४. यस कार्यविधि बमोजिम हुने: यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**अनुसूची २**
**(दफा ४ तथा अनुसूची(१)को भाग(२)संग सम्बन्धित**

परिच्छेद-२५
शुल्क सम्बन्धी व्यवस्था

१४५क. विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति (१) विद्यालयको वर्गीकरण गर्न, विद्यालयले लिन पाउने शुल्कका सम्बन्धमा मन्त्रालयलाई राय सुझाव दिन र विद्यालयले निर्धारित शुल्क लागु गरे नगरेको सम्बन्धमा अनुगमन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति रहनेछ –

(क) सामुदायिक विद्यालयको हकमा –

(१)शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख - संयोजक

(२) नगर कार्यपालिका सदस्य वा सो समितिबाट मनोनित स्थानीय बुद्धजिवी एक जना - सदस्य

(३) नगर शिक्षक युनियनबाट मनोनित शिक्षक एक जना - सदस्य

(४) सामुदायिक विद्यालयका अध्यक्षहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना - सदस्य

(५) शाखा अधिकृत शाखा प्रमुखले तोकेको विद्यालय निरीक्षक - सदस्य सचिव

**स्वीकृत मितिः- २०८१।११।२९**

**प्रमाणिकरण मितिः- २०८१।११।२९**

**आज्ञाले**

**राज कुमार केसी**
**प्रमुख प्रशासकीय अधिकृत**

**जनकपुरधाम उपमहानगरपालिकाबाट प्रकाशित मुल्य रु.१०/-**